## घ. पशुआपूर्ति

१. नेपाल सरकार तथा अन्य तत्सम्बन्धी निकायहरूसँग समन्वय गरी माउ भैँसी तथा पाडापाडी मास्ने र पोथी पशु मासुका लागि बेच्ने परिपाटीलाई निरुत्साहित गर्न पहल गरिने,

२. सम्भव भएसम्म भारतका बजारबाट उन्नत नश्लका भैँसी खरिद गरी ल्याउन प्रोत्साहित गर्ने,

३. बाख्रा तथा बङ्गुरको जनसङ्ख्या छिटै वृद्धि गर्न सकिने र नश्लसुधारसमेत गर्न सकिने भएकाले स्थानीय पाठापाठी बृद्धि गर्ने र ब्रिडिङ उन्नत जातको बोका/भालेबाट गराउने कार्यलाई प्राथमिकता दिने,

४. एकै ठाउँमा बढी सङ्ख्यामा बाख्रापालन गर्दा त्यसबाट व्यवस्थापनमा बढी समस्या आउने भएकाले बाख्रापालनकार्यलाई क्रमशः व्यावसायीकरणतिर उन्मुख गराउन ५ देखि १० माउको सङ्ख्यालाई प्राथमिकता दिने र

५. पाडापाडी कम्तीमा दुई र बङ्गुरपालनका लागि कम्तिमा तीनवटा बङ्गुरबाट व्यवसाय सुरु गर्न प्रोत्साहित गरिएको छ ।

## ङ. कार्यक्रमको प्राथमिकता र प्रचारप्रसारको व्यवस्थातर्फ

१. मासुजन्य पशुपालन कार्यक्रमबाट ग्रामीण किसानहरूमा रोजगारी अवसरको सिर्जना, उत्पादित प्राङ्गारिक मल, मासु तथा दूध आदिजस्ता पशुजन्य पदार्थका अभिवृद्धि भई पशुपालक किसानको आयवृद्धिमार्फत पशुजन्य पदार्थको आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धनमा सघाउ पुग्न गई राज्यलाई बहुआयामिक प्रतिफल प्राप्त हुने भएकाले पशुपालनका लागि लगानी गर्दा प्राथमिकता क्रमअनुसार क्रमशः बाख्रा, भैँसी, पाडापाडी र बङ्गुरपालन गर्ने किसानहरूलाई ऋण सेवा उपलब्ध गराउने,

२. पशुपालनसम्बन्धी कृषक हातेपुस्तिका, पाठ्यक्रम र पाठ्यसामग्री विकास गरी तालिमका लागि सहजकर्ताको विकास गर्ने रपशुपालनमा मुख्य रूपले गोठ, आहार, स्वास्थ्य, कर्जा र अनुगमनलाई प्राथमिकता दिने,

३. किसान स्तरमा गाउँमा नै प्रदान गरिने छोटो अवधिको तालिमलाई प्राथमिकता दिने र

४. पशुपालनसम्बन्धी पम्प्लेट, ब्रोसर, समाचार, सफलताका कथा आदि प्रकाशित गर्ने व्यवस्था मिलाई कार्यक्रममाथि अध्ययन-अनुसन्धान गरी सोसम्बन्धी प्रतिवेदनहरू प्रकाशन कार्य गरिने रहेको छ ।

## ५. २०६९ जेठ मसान्तसम्मको कार्यक्रमको अवस्था

नेपाल सरकारद्वारा जारी “पशुपालन कर्जासम्बन्धी कार्यविधि, २०६७” अनुरूप नेपालका साना किसान सहकारी संस्था र त्यस्तै प्रकृतिका अन्य लघुवित्त कारोबार गर्ने संस्थाहरुमा सम्बद्ध साना किसान सदस्यहरूमध्ये कूल १८ हजार पशुपालक सदस्य परिवारमा पशुपालन कर्जा लगानी गर्ने यस कार्यक्रमको लक्ष्य रहेको छ । २०६७ चैत्रदेखि संस्थाका सदस्यहरूबाट कर्जाको माग सङ्कलन सुरु गरी सोही महिनाको अन्त्यबाट लगानी कार्य प्रारम्भ गरिएको यस कार्यक्रममा २०६९ जेठ मसान्तसम्म अर्थात् लगभग १४ महिनाको अवधिमा १८७ साना किसान कृषि सहकारी संस्थासँग आबद्ध ३९३५९ जना साना किसान सदस्यबाट रकम रु. एक अर्ब ५४ करोड १७ लाख बराबरको पशुपालन कर्जा माग भइआएको छ। उक्त माग भएको कर्जामध्ये १८७ संस्थाका २८७९३ जना साना किसान सदस्यलाई लगानी गर्ने गरी बैङ्कले रकम रु. एक अर्ब ३७ करोड ऋण स्वीकृत गरेको छ। उक्त स्वीकृत कर्जामध्ये १८२ संस्थाका १६९८९ जना साना किसानलाई रकम रु. एक अर्ब तीन करोड ४१ लाख ऋण लगानीसमेत गरिसकेको छ । लगानी भएको ऋणमध्ये ५९०९२ बाख्रा, १०७४० बङ्गुर, ४८६९ पाडापाडी र ७०४४ वटा भैँसी गरी कूल ८१७४५ वटा मासुजन्य पशुपालनका लागि ऋण प्रवाह भएको छ । अहिलेसम्म लगानी भएको ऋणमा ४७ प्रतिशत बाख्रा, ९ प्रतिशत बङ्गुर, ६ प्रतिशत पाडापाडी र ३८ प्रतिशत रकम भैँसीपालनमा लगानी भएको देखिन्छ ।

## ६. पशुपालन कर्जा कार्यक्रम समीक्षा

बैङ्कले चालु आर्थिक वर्ष २०६८/६९मा पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन गर्ने साना किसान सहकारी संस्था लि० हरूका अध्यक्ष तथा प्रबन्धकलाई सहभागी गराई कार्यक्रमको समीक्षा गरिएको छ। ७ वटा केन्द्रमा सम्पन्न गरिएको यस समीक्षा कार्यक्रममा ४३८ जनाको सहभागिता रहेको थियो । समीक्षा कार्यक्रममा पशुपालन कार्यक्रमको हालसम्मको प्रगति स्थिति, देखापरेका समस्याहरूको पहिचान तथा समस्या समाधान गर्न चालिएका कदमहरूका विषयमा छलफल गरी भावी रणनीति तर्जुमा गरिएको छ ।

## ७. पशुपालन तालिम

पशुपालन कर्जा लगानी सुरु भएपछिको अवधिमा बैङ्कसँग आबद्ध पशुपालन कर्जा कार्यक्रम कार्यन्वयन गर्ने १७५ वटा संस्थाका ७५०० भन्दा बढी पशुपालक किसानहरूलाई पशुपालन तथा व्यवस्थापनसम्बन्धी तालिम उपलब्ध गराई ऋणको जोखिम न्यूनीकरणका लागि संस्थास्तरमा पशुस्वास्थ्य तथा पशुधन सुरक्षणसम्बन्धी व्यापक जनचेतना बढाउने व्यवस्था मिलाइएको छ। आगामी दिनमा पनि यस किसिमका तालिमलाई निरन्तरता दिइने नीति रहेको छ ।



## ८. ग्रामीण पशुस्वास्थ्य कार्यकर्ताको ३५ दिने तालिम


संस्थाहरूमा पशुसेवा/उपचार र सुरक्षणका लागि प्राविधिकको उपलब्धतामा कठिनाइ एक जटिल समस्या देखिन आएकाले त्यसलाई निराकरण गर्दै जाने क्रममा २०६८ चैत्रभित्र ५० वटा संस्थाका ५० जनालाई ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता तालिम उपलब्ध गराई स्थानीय प्राविधिक जनशक्ति तयार गर्ने व्यवस्था गरिएको छ । साथै थप २५ वटा संस्थाका २५ जनालाई यसै महिनाको २१ गतेबाट पोखरामा ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता तालिमको व्यवस्था गरिएको छ । यसबाट ७५ जना पशुसेवा तथा उपचारका लागि प्राविधिक जनशक्ति तयार भई ७५ वटा साना किसान सहकारी संस्थालाई प्राविधिक जनशक्तिको उपलब्धता हुनेछ ।

## ९. उपसंहार

कार्यक्रमको निरन्तरता त्यसको उपलब्धि र प्रभावकारितामा आधारित हुन्छ । त्यसैले पशुपालन कर्जा कार्यक्रम शतप्रतिशत सदुपयोग हुने हिसाबले अपेक्षित प्रतिफल प्राप्त गर्ने आधारमा व्यवस्थित र सघन अनुगमन प्रणालीको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको छ । टोलस्तरमा समूह, गाँउस्तरमा अन्तरसमूह, गा. वि. स. स्तरमा साना किसान कृषि सहकारी संस्था, जिल्लास्तरमा जिल्ला सहयोग समिति, इलाकास्तरमा बैङ्कको इलाका कार्यालय र केन्द्रस्तरमा साना किसान विकास बैङ्क, नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ र पशुपालन कर्जा केन्द्रीय समन्वय समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ । यस हिसाबले यो कार्यक्रम साना किसान, सहकारी संस्था, बैङ्क र राष्ट्रकै हितमा ठीक ढङ्गबाट अगाडि बढ्ने क्रममा रहेको छ । त्यसैले साना किसान विकास बैङ्कले नेपाल सरकारसँग समन्वय गरी आगामी आर्थिक वर्षहरूमा पनि पशुपालन कर्जा कार्यक्रमलाई निरन्तरता दिई थप साना किसानहरूमा पशुपालन कर्जा सेवा पुऱ्याउने लक्ष्य राखेको छ । नेपालमा अभियानकै रूपमा पशुपालन कार्यक्रम सञ्चालन गर्न सम्बद्ध सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

Design: www.colornpixel.com

# मासु उत्पादनका लागि पशुपालन कर्जा कार्यक्रम



**साना किसान विकास बैंक लि.**
सुविधानगर, तिनकुने, काठमाडौं
फोन नं.: ०१-४१११८२८/४१११७५२
**Email:** info@skbbl.com.np **URL:** www.skbbl.com.np

## १. पृष्ठभूमि



साना किसानहरूको संस्थागत विकासको प्रयास एवं उनीहरूको वास्तविक समस्याबारे स्थलगत रूपमा प्रत्यक्ष अवलोकन गर्ने उद्देश्यले साना किसान विकास बैङ्क र नेपाल कृषि सहकारी केन्द्रीय सङ्घको आयोजनामा २०६६ फागुन महिनामा ३ (तीन) दिने उच्चस्तरीय पदाधिकारीहरूको स्थलगत भ्रमणको आयोजना भएको थियो । राष्ट्रिय योजना आयोगका तत्कालीन माननीय उपाध्यक्ष डा. युवराज खतिवडा, अर्थ मन्त्रालयका वरिष्ठ सल्लाहकार श्री केशव आचार्य, तत्कालीन अर्थ एवं कृषि तथा सहकारी सचिव क्रमशः श्री रामेश्वर खनाल तथा श्री ब्रजकिशोर साह, कृषि विकास बैङ्क र साना किसान विकास बैङ्कका प्रमुख कार्यकारी अधिकृत क्रमशः श्री श्यामसिंह पाण्डे एवं श्री जलनकुमार शर्मालगायत सहकारी विभाग तथा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ आदिका प्रतिनिधिहरू सम्मिलित उक्त भ्रमणटोलीले बारा, चितवन, मकवानपुर र धादिङ जिल्लास्थित साना किसान कृषि सहकारी संस्थाहरूको अवलोकन भ्रमण सम्पन्न गरेको थियो ।

उक्त उच्चपदस्थ अवलोकन टोलीले अवलोकनको क्रममा साना किसानहरूको सामाजिक र आर्थिक विकासका लागि संस्थागत सहभागिताका माध्यमबाट समुदाय परिचालनसँगै उनीहरूले उत्पादन गरेको वस्तुको सोझो बजारमा पहुँच पुऱ्याउन र देशमा मासुजन्य पदार्थको उपभोग र माग बढ्दै गएको सन्दर्भमा मासुको आयात प्रतिस्थापन गर्न बढी आयआर्जन हुने मासुजन्य पशुपालनका लागि स्रोतव्यवस्थासहित सोको उचित परिचालनका लागि प्रक्रिया निर्धारण गर्न आवश्यक रहेको महसुस गऱ्यो । सोही अवलोकन भ्रमणको परिणामस्वरूप देशमा मासुजन्य पदार्थमा भएको ठूलो परिमाणको आयात प्रतिस्थापन गर्न पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता महसुस गरी नेपाल सरकारले आ. व. २०६७/६८ को वार्षिक कार्यक्रम तथा बजेटमा मासुको उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्नसमेत पशुपालन कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरिने जनाउँदै साना किसान विकास बैङ्क र साना किसान सहकारी संस्थामार्फत पशुपालक कृषकहरूलाई सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन रकम विनियोजन गरी मासुजन्य पशुपालन कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । नेपाल सरकारद्वारा यस कार्यक्रमलाई आर्थिक वर्ष २०६८/६९ मा पनि निरन्तरता दिइएको छ ।

## २. पशुपालन कर्जा कार्यक्रमको उद्देश्य :

क. नेपालका ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न तथा साना किसानहरूलाई मासुजन्य उत्पादनमा संलग्न गराई मुलुकलाई मासुको उत्पादनमा आत्मनिर्भर बनाउन र निर्यात प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने,

ख. विपन्न तथा साना किसानहरूलाई पशुपालन पेसाबाट दिगो आयआर्जनको आधार तयार गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने र

ग. पशुपालन व्यवसायमार्फत मुलुकमा व्याप्त गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउने ।

## ३. पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन नीति :

१. देशमा मासुजन्य पशुको सङ्ख्यामा नै वृद्धि गराई मासुजन्य उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्न नेपाल सरकारको ऋण सहयोगमा मासुजन्य पशुपालन कर्जा कार्यक्रम सञ्चालन गर्ने रहेको छ र प्रभावकारिताका आधारमा आगामी आर्थिक वर्षहरूमा पनि यस कार्यक्रमलाई निरन्तरता दिने रहेको छ,

२. यस कार्यक्रमले अपेक्षित लक्ष हासिल गर्न स्थानीय स्तरमा गठित साना किसान सहकारी संस्थाहरू एवं त्यस्तै प्रकृतिका अन्य लघुवित्त संस्थाहरूमा आबद्ध सदस्यलाई सहुलियत कर्जा एवं प्राविधिक सेवा उपलब्ध गराई पशुपालन कार्यमा प्रोत्साहित गरिने रहेको छ, र



३. पशुपालनमा व्यवसायीकरण गर्दै ग्रामीण क्षेत्रका सम्भाव्य स्थानहरूमा पशुपालन पकेट क्षेत्रका रूपमा विकास गराई पशुपालनका माध्यमबाट दिगो रोजगारीको अवसर सिर्जना गरी पशुपालक किसानहरूको आयस्तरवृद्धिमा सघाउ पुऱ्याइनेछ ।

## ४. पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन रणनीति :

### क. कार्यक्रमको सेवा र समन्वयतर्फ :

१. स्थानीय स्तरमा गठित सहकारी संस्थाहरूमा आबद्ध पशुपालक कृषक सदस्यमा पशुपालन कर्जाप्रवाहका लागि थोक कर्जा सुविधा उपलब्ध गराई साना किसान परिवारहरूलाई संस्थागत कर्जामा पहुँच पुऱ्याई पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने,

२. कार्यक्रमको सदुपयोगिता एवं प्रभावकारिताको अवस्था तथा देखिएका समस्या समाधानका लागि केन्द्रस्तरमा केन्द्रीय समन्वय समितिबाट मासिक रूपमा कार्यक्रमको समीक्षा गर्ने र जिल्लास्तरमा जिल्ला सहयोग समितिबाट कार्यक्रमको समीक्षा एवं अनुगमन गर्ने,

३. कार्यक्रमको अनुगमन एवं मूल्याङ्कन गर्ने व्यवस्थाका लागि बैङ्कका इलाका कार्यालयहरूलाई सक्रिय बनाउने,

४. कार्यक्रम सञ्चालन एवं कर्जा व्यवस्थापनका लागि आवश्यकताअनुसार बैङ्कले आफ्ना नीति, कार्यक्रम र कार्यपद्धतिहरूमा परिमार्जन गरी लागू गर्दै लैजाने,

५. बैङ्क, पशुसेवा कार्यालय र संस्थाको समन्वयमा पशुपालक किसानहरूलाई स्थानीय स्तरमा नै आधारभूत पशुपालन तालिम सञ्चालन गर्ने,

६. उत्पादित पशु तथा पशुजन्य पदार्थको सहकारी बजारविकासका लागि सहकारी सङ्घहरूलाई परिचालित हुन प्रोत्साहित गर्ने,

७. नेपाल सरकारको सहयोगमा संस्थाहरूमा पशुधन सुरक्षणका लागि सामुदायिक पशुधन सुरक्षण कार्यक्रम अझै व्यापक विस्तार गर्न उत्प्रेरित गर्ने । गुणस्तरीय र प्रभावकारी रूपमा पशुधन सुरक्षण कार्यक्रमका लागि आवश्यक पशु स्वास्थ्य कार्यकर्ता तालिम एवं क्षमता विकाससम्बन्धी व्यवस्था मिलाउने,

८. स्थानीय स्तरमा पशु स्वास्थ्यसेवाको व्यवस्था मिलाउन जिल्ला पशुसेवा कार्यालय, स्थानीय संस्था र अन्य सहयोगी निकायहरूबीच समन्वय गर्न संस्थाहरूलाई सबलीकरण गर्दै जाने र



९. पशुपालन थोक कर्जा कारोबार गर्ने संस्थाहरूलाई बैङ्कको निर्देशनको पालना, कर्जाको सदुपयोग, कार्यक्रमको अनुगमन, निरीक्षण, कर्जा असुली र समयमा कर्जा भुक्तानी गर्न जिम्मेवार बनाउने आदि रणनीतिहरूको अवलम्बन गरिएको छ ।

### ख. पशुआहारा तथा पशुस्वास्थ्यतर्फ

१. आहाराको उपयोगतर्फ स्थानीय स्रोतको उपयोगलाई प्राथमिकता दिई सोको गुणस्तरका लागि घाँस लगाउन प्रोत्साहित गर्ने,

२. पशुहरूमा लाग्ने मुख्य रोगहरू र त्यसको उपचारका लागि पशुस्वास्थ्य कार्यकर्ता प्रवर्द्धन गर्ने र

३. जटिल समस्या तथा रोगका लागि पशुसेवा कार्यालय तथा अन्य तत्सम्बन्धी कार्य गर्ने संस्थासँग समन्वय गरी उपचार व्यवस्था मिलाउने आदि रहेको छ ।

### ग. पशुधन सुरक्षणतर्फ :

१. पशुपालनमा रहेको जोखिम न्यूनिकरण गर्न पालन गर्ने पशुहरूको सुरक्षणका लागि संस्थास्तरमा पशुधन सुरक्षण समिति गठन गरी पशुधन सुरक्षण कोष सञ्चालन गर्न प्रोत्साहित गर्ने र

२. पशुधन सुरक्षणका लागि आवश्यक कोषको व्यवस्था मिलाउन सुरक्षण गर्ने पशुपालक किसानका तर्फबाट ५० प्रतिशत र अनुदान ५० प्रतिशतका हिसाबले प्रिमियम लागतको व्यवस्था गरिएको छ ।